"सर्वत्र वैभव, सभ्यता र स्वाभिमान; जनजनको गौरव, शैलुङको निर्माण"

# शैलुङ गाउँपालिका

## Shailung Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

काटाकुटी, दोलखा
Katakuti, Dolakha
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या/ Ref. No.: ०७८/०७९
चलानी नं./Dispatch No.:-

मिति/Date:. २०७८/०९/२३

### प्रेस विज्ञप्ति ।

यस गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरुको बदनाम गर्ने उद्देश्यका साथ Bhim Upadhyaya नाम गरेको फेसबुक मार्फत शैलुङ गाउँपालिकाले एउटा छाताको मूल्य रू ५ हजार र एउटा खामको मूल्य रू १००/- का दरले किनेको विल बनाएछ भनि भ्रामक समाचार फैलाएकोमा गाउँपालिका खेद व्यक्त गर्दछ । गाउँपालिकाबाट गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकी, स्वास्थ्य सेवा केन्द्र र वडा कार्यालयहरुलाई मिति २०७८/०४/३० गते हस्तान्तरण गर्दा जति परिणाममा सामाग्री हस्तान्तरण गर्दा पनि दाखिला प्रतिवेदनमा दाखिला भएको परिणामको परल मूल्य सिस्टम द्वारा निकालिने प्रतिवेदनमा देखिएकोले एक ओटा छाताको मुल्य रू ७५०/- मात्र पर्न गएको र खामको मूल्य रू ३/- मात्र पर्न गएको तथा गाउँपालिका द्वारा असिम ट्रेडर्स एण्ड सप्लायर्सबाट मिति २०७७/०३/१९ गते ५० थान छाता र १२०० थान खाम खरिद गरिएको हो। ५० थान छाताको रू ७५०/- का दरले हुन आउने रू ३७,५००/- र १२०० थान खामको रू ३ /- का दरले रू ३,६००/- कार्यालयलाई हस्तान्तरण गर्दा सिस्टमबाट निकालिएको प्रतिवेदनमा परल मूल्य अन्यथा भएको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ। साथै गाउँपालिकाले गाउँपालिकाद्वारा गरिएका कारोबारको विवरण सूचना माग भई आएमा जो कोहीलाई पारदर्शी हिसाबले प्रमाण सहितका सूचना प्रदान गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

२०७८/०९/२३

सन्तोष दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत

सन्तोष दाहाल
नि.प्रमुख प्रशासकीय अधिकृत